# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
# HIMALAYAN GENERAL INSURANCE CO. LTD.

# विशेष साधारण सभाको
## काम कारवाहीको विवरण (माइन्यूट)

## २०७९/०३/०२


जि. पि. ओ. बक्स नं. १४८,
टेलिफोन नं : ५२४५०९०, ५२४५०९१
फ्याक्स नं : ५२४५०९९
इमेल नं. **ktm@hgi.com.np**
थापागांउ, काठमाडौं, नेपाल ।

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लि.

थापागांउ, जि.पि.ओ. बक्स १४८, काठमाण्डौं, नेपाल
फोन नं. ५२४५०९०,५२४५०९१


मिति: २०७९/०३/०५/१

विषय : काम कारवाहीको विवरण (माइन्यूट) पठाएको ।

श्री शेयरधनी महानुभावहरु,

वि. सं. २०७९ साल आषाढ ०२ गते विहिवार तदनुसार सन् १६ जुन २०२२ का दिन सम्पन्न यस कम्पनीको विशेष साधारण सभाद्वारा पारित निर्णयहरु र काम कारवाहीको विवरण (माइन्यूट) जानकारीका लागि यसै साथ संलग्न गरी पठाएको ब्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,

(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
# विशेष साधारण सभाको काम कार्यवाहीको विवरण (माईन्यूट)

१) वैधानिक सभा:

कम्पनी ऐन, २०६३ दफा ६३ (ख) र कम्पनीको नियमावलीको नियम १५ (३) बमोजिम बोलाईएको कम्पनीको विशेष साधारण सभामा संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको सभापतित्वमा निम्न मिति, स्थान र समयमा वसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२) सभाको मिति, स्थान र समय:

मिति: २०७९ आषाढ २ गते विहिवार (तद्अनुसार १६ जुन, २०२२)

स्थान: एयरपोर्ट होटल, एयरपोर्ट, काठमाण्डौ

समय: विहान ११.०० वजे

३) सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको विशेष साधारण सभाको सूचना सहित सभामा छलफल गरिने विषयहरु विद्युतिय माध्यमवाट पठाउनुकासाथै २०७९ साल जेष्ठ १७ गते मंगलवारको "आर्थिक अभियान" राष्ट्रिय दैनिक र २०७९ साल जेष्ठ २० गते शुक्रवारको "कारोवार" राष्ट्रिय दैनिकमा सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो । साथै उक्त सूचना कम्पनीको वेवसाईट www.hgi.com.np मा समेत प्रकाशित गरिएको थियो ।

४) छलफलको विषयहरु:

**(क) विशेष प्रस्ताव**

१. हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

२. हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् बन्ने निर्जिवन बिमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा "हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेड" तथा अँग्रेजीमा "Himalayan Everest Insurance Limited" कायम गरी सो नामबाट निर्जिवन बिमा व्यवसाय गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

३. हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने प्रयोजनको लागि मूल्याङ्कनकर्ता जे बि राजभण्डारी एण्ड डिबिनस् (J. B. Rajbhadary & DiBins), चार्टड एकाउन्टेण्टस्द्वारा तयार गरिएको हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि.को चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Report (DDR) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको एभरेष्ट इन्सोरेन्स कम्पनि लि. को १०० कित्ता शेयर वरावर हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. को ८५ कित्ता (१:०.८५) शेयर प्रदान गर्ने गरि गाभ्ने गाभिने (मर्जा) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

४. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौतापत्र (Scheme of Arrangement), सहमतिपत्र